# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड ५ (संख्या १०) मंसिर २१ गते २०७९

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको देहाय बमोजिम कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भाग-२

## चामुण्डाविन्द्रासैनी नगर कार्यपालिकाको बैठक संचालन (पहिलो संशोधन) सम्बन्धी कार्यविधि, २०७९

कार्यपालिकावाट स्वीकृत मिति :२०७९/०८/१६

**प्रस्तावना :**

चामुण्डा विन्द्रासैनी नगरपालिका नगरकार्यपालिकाकाको बैठकवाट पारित चामुण्डाविन्द्रासैनी नगर कार्यपालिकाको बैठक संचालन (पहिलो संशोधन) सम्बन्धी कार्यविधि, २०७९ (यस पछि मुल कार्यविधि भनिएको) मा आवश्यक संशोधन गर्न बाञ्छनीय भएकोले,

चामुण्डाविन्द्रासैनी नगरपालिका नगरकार्यपालिकाको मिति २०७९ साल मंसिर १६ गतेको बैठकले चामुण्डाविन्द्रासैनी नगर कार्यपालिकाको बैठक संचालन (पहिलो संशोधन) सम्बन्धी कार्यविधि, २०७९ बनाएको छ।

**१. संक्षिप्त नाम, प्रारम्भ र क्षेत्र :** (१) यस कार्यविधिको नाम "चामुण्डाविन्द्रासैनी नगर कार्यपालिकाको बैठक संचालन (पहिलो संशोधन) सम्बन्धी कार्यविधि, २०७९" रहेको छ।

(२) यो संशोधित कार्यविधि कार्यपालिकाको बैठकवाट पारित भइ राजपत्रमा सुचना प्रकाशन भइ सकेपछि लागु हुनेछ।

(३) यो कार्यविधि चामुण्डाविन्द्रासैनी नगरपालिका क्षेत्रभर लागु हुनेछ।

**२.मुल कार्यविधिको दफा १४ मा उपदफा (५) पछि क्रमस देहाय उपदफा (६), (७), (८) थप गरिएको छ ।**

"(६) नगर कार्यपालिकाको बैठक बसिरहेको समयावधि भित्र कार्यपालिकाको बैठकको मर्यादा कायम राख्न कार्यपालिकाको सदस्य तथा बैठकमा उपस्थित अन्य आमन्त्रित सदस्यहरुले अनिवार्य रुपमा मोवाइल साइलेन्ट मुडमा राख्नुपर्नेछ।

माथि उपदफा (६) मा जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि कुनै पनि सदस्यले अनिवार्य फोन गर्नु पर्ने भएमा बैठकको अध्यक्षको अनुमति लिइ बैठक कक्ष भन्दा बाहिर गइ फोन गर्नुपर्नेछ।

(७) कार्यपालिकाको बैठकको गोपनियता कायम राख्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ र कार्यपालिका बैठकको माइन्यूटको कुनै पनि सदस्यले फोटा खिच्न र सार्वजनिक गर्न पाइने





छैन र माइन्यूट सुरक्षित राख्ने जिम्मेवारी कार्यपालिका बैठकको सचिव वा निजले तोकेको सहयोगी कर्मचारीको हुनेछ।

(८) कार्यपालिकाको बैठकवाट स्वीकृत भएका निर्णयहरु सार्वजनिक गर्दा नगर कार्यपालिकाको प्रवक्ताले मात्र सार्वजनिक गर्नुपर्नेछ।

माथि उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका बैठक निर्णयहरु मध्य गोप्य राख्नु पर्ने खालका निर्णयहरु सार्वजनिक गरिने छैन।"

आज्ञाले

श्याम बहादुर रावत

नि.प्रमुख प्रशासकीय अधिकृत